ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 2 Year: 2023
***********************************

# नेपाली भाषा खण्ड

ISSN: 2961-1989
Academia Research Journal (ARJ)
Volume: 2 Issue: 1 Year: 2023
**************************************

# गुरुप्रसाद मैनालीको 'नासो' कथामा करुण रस

महेन्द्र वाग्ले[1]

# Pathos in Guruprasad Mainali's 'Naso' story

Manendra Wagle[1]

[1]Assistant Professor, Department of Nepali, Tribhuvan University, Mahendra Multiple Campus, Nepalgunj, Now at Patan Campus, Lalitpur
[1]Corresponding Author: sajalwagle@gmail.com
Article History: Received: March. 20, 2023 Revised: April. 8, 2023 Received: Jun 13, 2023

**लेखसार**

प्रस्तुत लेख कथाकार गुरुप्रसाद मैनालीको 'नासो' कथाको विश्लेषण र त्यसमा प्रयुक्त करुण रसको प्रयोगको अध्ययनमा केन्द्रित छ । करुण रस पूर्वीय साहित्य र समालोचनाको क्षेत्रमा आचार्य भरतले प्रतिपादन गरेको रस सिद्धान्तसँग सम्बद्ध छ । करण रसमा व्यक्ति वा वस्तु विभाव हुन्, सम्बन्धित व्यक्ति वा वस्तुलाई स्मरण गरी हुने पीडा, छटपटी उद्दीपन विभाव हुन, प्रतिक्रिया जनाई रुनु, काम्नु अनुभाव हुन भने हृदयमा चिन्त उत्पन्न हुनु व्यभिचारी भाव हुन् । यिनीहरूकै संयोगबाट करुण रसमा स्थायी भाव शोक उत्पन्न भई रसानुभूति हुन्छ । यस लेखमा यही रस सिद्धान्त तथा करुण रसको सैद्धान्तिक मान्यतालाई समेत उल्लेख गरेर 'नासो' कथाको विश्लेषण गरिएको छ ।'नासो' कथा सामाजिक यथार्थ प्रस्तुत गरिएको र मानवीय जीवनका प्रतिकूल अवस्थाले निम्त्याएको दुःख, पीडालाई विषयवस्तु बनाइएकोसामाजिक कथा भएकाले यसको परिचयसमेत प्रस्तुत गरी कथामा प्रयुक्त करुण रसको खोजी गरिएको छ । अध्ययन गुणात्मक प्रकृतिको रहेकोले यसमा सिद्धान्तका अधारमा कथालाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ । वर्तमान साहित्य समालोचनाको क्षेत्रमा अध्ययनका विविध आधारहरू छन् तथापि यस यस अध्ययनमा 'नासो' कथामा प्रयुक्त करुण रसको चयन गर्नुले पूर्वीय साहित्य सिद्धान्तका आधारमा करुण रससँग सम्बद्ध भएका कथालाई विश्लेषण गर्ने नवीन ज्ञान प्राप्त हुने भएकाले यसको औचित्य र महत्त्व रहेको प्रस्ट हुन्छ ।कथाकार गुरुप्रसाद मैनालीले देवीरमण, सुभद्रा र लक्ष्मीको जीवनका कारुणिक पक्षलाई कथामा प्रस्तुत गरेका छन् तथापि मूलतः लक्ष्मीको मृत्युले कथालाई अझ बढी मार्मिक बनाएको हुनाले करुण रसको प्रयोग प्रभावकारी ढङ्गले प्रस्तुत भएको छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ ।

***शब्दकुञ्जी*** : करुणा, विभाव, अनुभाव, व्यभिचारीभाव, शोक, यथार्थ, उपेक्षा, रसबाद

**Abstract**

The present article focuses on the analysis of the storyteller Guru Prasad Mainali's 'Naso Katha' and the study of the use of pathos used in it. Karuna rasa (Pathos) is associated with the rasa theory propounded by Acharya Bharata in the field of Eastern literature and criticism. In Karana rasa, a person or object is vibhava, the pain caused by the related person or object is pathetic feeling. Due to the combination of these, a permanent feeling of grief arises in the karuna rasa and compassion occurs. In this article, the 'Naso' story has been analyzed by referring to this rasa principle and the theoretical recognition of Karuna Rasa. Since 'Naso' story is a social story in which social reality is presented and the suffering and pain caused by the adverse conditions of human life is a social story, its introduction has also been presented and Karuna Rasa used in the story has been searched for. Since the study is qualitative in nature, the story has been analyzed on the basis of theory and a conclusion has been drawn. There are various bases of study in the field of current literature criticism, however, in this study, the selection of Karuna Rasa used in the story 'Naso' is evident because it provides new knowledge to analyze the stories associated with Karuna Rasa based on Eastern literary principles. Narrator Guruprasad Mainali has

presented the emotional aspects of Deviraman, Subhadra and Lakshmi's life in the story, but basically, because Lakshmi's death made the story more poignant, the use of karuna rasa has been presented in an effective way in this article.

*Keywords*: compassion, emotion, feeling, adultery, grief, reality, neglect, rhetoric

## विषयपरिचय

रस सिद्धान्त पूर्वीय तथा संस्कृति साहित्यको महत्त्वपूर्ण काव्यसिद्धान्त हो । यसको प्रतिपादन भरतमुनिले गरेका हुन् । उनले विभाव, अनुभाव र व्यभिचारी भावको संयोगले रसको निस्पत्ति हुन्छ भनेका छन् । उनले "वाक्यं रसात्मकं काव्यम्" भनेर रसलाई काव्यको आत्मा रस भएको बताए । उनी पछिका अन्य आचार्यहरूले रसवादलाई काव्यसिद्धान्तको रूपमा स्थापना गरेर काव्यको आत्मा रस भएको उल्लेख गरेका छन् । पूर्वीय साहित्यका भामह, दण्डी, आनन्दवर्धन, अभिनवगुप्त, विश्वनाथ र जगन्नाथसम्मका आचार्यहरूले रससिद्धान्त, रसका प्रकार र रसको प्रयोगसहितमहत्त्वलाई प्रस्ट पारेका छन् । रस प्रयोगका दृष्टिले वीर र भक्ति रसलाई विशेष महत्त्वका साथ नेपाली साहित्यमा प्राथमिकालमा प्रयोग गरिएको पाइन्छ, त्यसका साथै अन्य रसहरूमा पनि काव्य रचना भएको देखिन्छ । नेपाली साहित्यको माध्यमिक कालमा श्रृङ्गार रसले प्रमुखता पायो भने आधुनिक कालमा आइपुग्दा रसको प्रयोगमा विविधता देखियो ।

नेपाली साहित्यको आधुनिक कालमा आइपुग्दा कृतिमा रसगत विविधता देखिएका साहित्यकार तथा कथाकारहरूमध्येगुरुप्रसाद मैनाली (१९७५-२०२८) पनि एक हुन् । कथा साहित्य विधाहरूमध्येआख्यानअन्तर्गत पर्दछ । कथामा मध्यम आग्रह र सौन्दर्यानुभूतिको तह सामान्य हुने गर्दछ (शर्मा, २०६३ पृ. ३६५) । आधुनिक कथा पाश्चात्य सहित्यबाट भित्रिएको एक स्वतन्त्र साहित्यको रूप हो । यसमा निरन्तर गतिशील हुने स्वभाव रहेको हुन्छ । एडगर एलेनपोका अनुसार कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिद्धयाउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका लागि यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा गर्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैँमा पूर्ण हुन्छ (उद्. श्रेष्ठ, २०५७, पृ. ७) । कथाको सन्दर्भमा विभिन्न विद्वानहरूको आआफ्नै किसिमको मत भए पनि छोटो समयमा पढ्न सकिने कथा एक सशक्त आख्यानात्मक गद्यरूप भएको प्रस्ट हुन्छ । यही स्वरूपलाई गुरुप्रसाद मैनालीले पनि आत्मसाथ गरेर कथा लेखेका छन् । उनी नेपाली साहित्यको आधुनिक कालका आदर्शोन्मुख सामाजिक यथार्थवादी कथाकार हुन् । नेपाली कथालाई आधानिक मूल्य प्रदान गर्ने क्रममा उनले एकातिर आफ्नो कथाको संरचनालाई पूर्ण यथार्थवादमा आबद्ध गरी कथावस्तुको निर्माण गर्नुको साथै पात्रको दृष्टिकोणलाई समायोगन गरेका छन् भने आर्कोतिर उनले आफ्ना कथाको रूपविन्यासलाई मध्ययुगी शैलीबाट मुक्त गरी सुपुष्टता प्रदान गरेका छन् (श्रेष्ठ, २०५७, पृ.३७) । यसको तात्पर्य उनी नेपाली कथा साहित्यमा माध्यमिक कालीन तिलस्मी, जासुसी प्रवृत्तिभन्दा भिन्न सामाजिक यथार्थ भित्र्याउने प्रथम कथाकार भएका हुनाले उनलाई प्रथम आधुनिक कथाकार मानिएको छ ।उनको 'नासो' कथा *नासो* कथासङ्ग्रह (२०२०)मा सङ्गृहीत कथाहरूमध्ये 'नासो'प्रतिनिधि कथा हो । यो कथा वि.सं. १९९२ सालमा प्रकाशित भएको हो । यो कथा सरल, सरस र सहज भाषाशैलीमा प्रस्तुत भएको हुनाले सर्वसाधारणका लागि पनि सम्प्रेषण योग्य छ । यसमा वाच्यार्थको सरलता छ भने करुण रसको अभिव्यक्तिका दृष्टिले पात्र देवीरमण, सुभद्रा र दुलहीको अवस्था निकै कारुणिक छ । अतः यस 'नासो' कथामा करुणाको अभिव्यक्ति भएको हुनाले करुण रसका दृष्टिले विश्लेषण गर्न लागिएको हो ।

## समस्याकथन र उद्देश्य

कथाकार गुरुप्रसाद मैनाली समाजिक यथार्थवादी कथाकार हुन् । उनले माध्यमिककालीन नेपाली कथाको ऐयारी, जासुसी र काल्पनिक विषयवस्तुलाई पन्छ्याउँदै सामाजिक यथार्थ विषयवस्तुलाई कथामा भित्र्याई आधुनिक नेपाली कथाको सुत्रपात गरे । यही समाजिक यथार्थभित्र रहेको दुःख र समस्याहरूलाई उनले 'नासो' कथामा पनि प्रस्तुत गरे । यही सामाजिक समस्या र व्यक्तिगत दुःख तथा पीडाको सेरोफेरोमा 'नासो' कथामा करुण रसको प्रयोग केकस्तो रहेको छ र कसरी प्रयोग गरिएको छ भन्ने यस अध्ययनको मुख्य समस्या हो । अतः रसवादी सिद्धान्तको

केन्द्रीयतामा 'नासो' कथामा करुण रसको प्रयोग केकस्तो रहेको छ भन्ने विषयको अध्ययन गर्न आवश्यक हुन्छ । अतः करुण रसको केन्द्रीयतामा 'नासो' कथाको विश्लेषण गरी करुण रसको प्रयोग केकसरी भएको छ भन्ने पहिल्याउनु यस अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेख साहित्य समालोचनासँग सम्बद्ध गुणात्मक प्रकृतिको भएकाले यसका लागि आवश्यक पर्ने सामग्रीको सङ्कलन पुस्तकालयीय अध्ययनमा आधारमा गरिएको छ । यहाँ 'नासो'कथालाई विश्लेष्य सामग्रीको लिइएको छ भने रस र करुण रसका सम्बन्धमा अध्ययन गरिएका पुस्तक र समालोचनात्मक लेखहरूको सङ्कलन पुस्तकालयीय अध्ययनका आधारमा नै गरिएको छ । प्रस्तुत अध्ययनका समस्यासँग सम्बद्ध सामग्रीको विश्लेषणका लागि रस सिद्धान्तको मूल स्थापनालाई आधार बनाइएको छ । यस अध्ययनमा मूलतः करुण रससँग सम्बद्ध सैद्धान्तिक मान्यतालाई कृतिविश्लेषणको आधार बनाइएको छ । यसमा 'नासो' कथामा विभाव, अनुभाव, व्यभिचारी तथा सञ्चरीभावका माध्यमबाट करुण रसको स्थायीभाव शोक तथा करुणाकसरी उत्पन्न हुन्छ भन्ने अध्ययनको विषय बनाई कथालाई विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

साधारण अर्थमा जुन वस्तुको आस्वादन गर्न सकिन्छ त्यसलाई 'रस' मानिएको छ । 'रस' शब्दको अर्थ सुदूर प्राचीन कालदेखि नै हुदै आएको छ । काव्यमा मात्र नभई विभिन्न शास्त्रहरूमा विविध अर्थमा रसको प्रयोग भएको छ । वैदिक संहिताहरूमा रस जलको अर्थमा प्रयुक्त छ । उपनिषद्हरूमा रस ब्रह्म औ ब्रह्मानन्दको वाचक छ । तैत्तिरीय उपनिषद्मा लेखिएको छ– 'रसो वै सः । रसो ह्येवाय लब्ध्वा आनन्दी भवती' (उपाध्याय, २०५९, पृ.२०५) । यसको अर्थ त्यो भनेर ब्रह्मलाई सङ्केत गरिएको छ र रसलाई पाएर नै आनन्द हुने बताइएको छ । मानिसको जीवनमा पनि रस हुनु पर्छ भन्ने भनाइले आनन्द भावलाई जनाउने गर्दछ । अर्को तर्फ स्वादको विषयमा उल्लेख गर्नु पर्दा गुलियो, नुनिलो, अमिलो, तितो, टर्रो र पिरो भन्ने अर्थ रस शब्दले बुझाउँछ । ब्राह्मण ग्रन्थमा मह तथा उपनिषद्मा प्राणतत्व वा स्वाद (ब्रह्मानन्द) लाई रस भनिन्छ (गौतम, २०५०, पृ.६८८) । यसैले रसको क्षेत्र व्यापक छ । रसको निष्पत्तिका लागि विभाव, अनुभव, व्यभिचारी भावको आवश्यकता हुने बताइएको छ । सोमनाथ शर्माका अनुसार :

> वायुको प्रेरणा आदि साधनको योग भएमा जलमा स्पन्दन, तरङ्ग र छालहरू निस्केर ध्वति समेत अनुभव गराए झैँ वासनाका रूपमा रहेको स्थायी भावहरू पनि कुनै आलम्बन गर्ने विषय र उद्दीपन गर्ने देश काल चेष्टाविशेष आदि कारणश्रेणीका विभाव पाएर प्रस्फुटित र अङ्कुरित हुन्छन्, स्तम्भ, स्वेद रोमाञ्च आदि कार्यश्रेणीका अनुभावको रूपमा वाह्य प्रदेशसम्म देखिने बुझिने गरि विकसित हुन्छन्, औत्सुक्य लज्जा आदि सहकारि-श्रेणीका व्यभिचारी वा सञ्चारी भावको सहयोग पाई प्रस्फुरित हुन्छन् (शर्मा, २०५८, पृ.१४४) ।

वास्तवमा साहित्यमा रस काव्य आनन्द हो । पूर्वीय साहित्यको इतिहासलाई नियाल्दा पनि रसवाद पूर्वीय काव्यशास्त्र परम्परामा जेठो साहित्य सिद्धान्त हो । पूर्वीय साहित्यका विद्वानहरूका विचारलाई अध्ययन गर्दा पनि मूल रूपमा भरतमुनिको विचार "विभावनुभावव्यभिचारिसंयोगात् रसनिष्पत्ति : (उद्धृ. शर्मा, २०५९, पृ. २०५)" प्रमुख रहेको मानिन्छ ।त्यस्तै मम्मटले पनि विभावादीबाट व्यक्त हुने स्थायी भावलाई रस मानेका छन् । आचार्य विश्वनाथले कुनै भाव विभावादिबाट परिपक्व हुने अवस्थालाई रस भनेका छन् । उनले रसलाई चमत्कार-प्राण मानेका छन् भने 'वाक्यं रसात्मकम काव्यम्' भन्ने मान्यतालाई स्थापना गरेका छन् (शर्मा, २०५८, पृ.४९) ।

रसको निष्पत्तिका लागि आवश्यक तत्त्व विभाव का सम्बन्धमा विश्वनाथले साहित्यदर्पणमा "विभावेनानुभावेन व्यक्तः सञ्चारिणा तथा रसतामेति रत्यादिः स्थायीभावः सचेतसाम् (उद्धृ. उपाध्याय, २०५९, पृ.२०६)" भनेर सहृदयमा अवस्थित प्रेम, शोक आदि अनुभूतिहरूको आस्वादरूपी आँकुरालाई प्रस्फुटित पार्ने तत्त्वलाई विभाव मानेका छन् । यो रस जगाउने कारण बन्ने व्यक्तित्व, पात्र वा परिवेश नै काव्यमा विभाव हो ।विभाव आलम्बन र उद्दीपन गरी दुई प्रकारका छन् । आलम्बन विभाव काव्यवस्तुको आधार हो । यसमा नरनारीका वर्णनीय विषय हुन्छन् । उद्दीपन विभाव

रसलाई उकास्न मदत गर्ने तत्त्व हो । यसमा फूल, चन्द्रमा, रात्री आदि लिन सकिन्छ । अनुभावले रसमा स्थायी भावको अनुभाव गराउने कार्य गर्दछ । यो विभावको प्रतिक्रिया हो अर्थात विभावलाई बाह्यरूपमा प्रकट गराउने कार्य अनुभावले गर्दछ । यो कार्य सूचक भएकाले यसलाई कायिक, वाचिक, आहार्य र सात्विक गरी चार प्रकारको रहेको उल्लेख गरिएको छ (शर्मा र लुइटेल, २०६७, पु. ४५) ।कम्प, पसिना, विभ्रम, मद, विक्षेप, कुतूहल, चकित, रोमाञ्च, स्वभङ्गआदि विभाव हुन् । त्यस्तै स्थायी भावलाई जागृत गराउन सहयोगी भएर आउने अस्थायीभावलाई व्यभिचारीभाव भनिन्छ । यो अस्थायी भएकाले पटकपटक देखापरी हराउँछ र यसले स्थायीभावलाई विकसित गराउँछ । वैराग, अडबड, दिनता, थकाइ, मात, जड, विचेत, आलस्य, विक्षिप्तता, लाज, खुसी, शोक आदि व्यभिचारी भाव हुन् । यी भावहरू क्षणक्षणमा हराउने र क्षणक्षणमा देखिने भएकाले यसलाई सञ्चारी भाव पनि भनिन्छ । यस्ता भावहरू रस उत्पन्न गर्नका लागि सहयोगी हुन्छन् । यी भावहरूलाई ३३ प्रकारमा विभाजन गरिएको छ (शर्मा र लुइटेल, २०६७, पृ.४५-४६) । यी रति, उत्साह, शोक, विष्मय, क्रोध, हास्य, धृणा, भय, शान्ति जस्ता संवेगहरू स्थायी भाव हुन् । यिनै नौ स्थायी भावका आधारमा श्रृङ्गार, वीर, करुण, अद्भूत, रौद्र, हास्य, बीभत्स, भयानक र शान्त रसको स्थापना गरिएको छ । यी रसहरूमध्ये करुण रस पनि प्रमुख रस हो ।

**करुण रस**

करुण शब्दको विशेषणको रूपमा प्रयोग हुँदा दयनीय, शोकयुक्त तथा दयनीय जस्ता अवस्थाको अर्थलाई बुझाउँछ । शब्द निर्माणका दृष्टिले करुण शब्दमा 'आ' (टाप्) प्रत्यय लागेर दया, माया, दुःख, पीडा, वेदनाजस्ता अर्थ जनाउने भाववाचक करुणा शब्दको निर्माण हुन्छ । करुण रसले स्थायी भाव करुणा तथा शोक उत्पन्न गरेको हुनुपर्छ ।शोक स्थायीभाव हुने रसलाई करुण रस भनिन्छ (शर्मा र लुइटेल, २०६७, पृ. ५३) । साहित्यमा प्रयोग हुँदा यसले नामिक पदको रूपमा आएर शोक स्थायीभाव उत्पन्न हुने रसहरूमध्ये एक रसलाई जनाउँछ । यसमा व्यक्ति वा वस्तु आलम्बन विभावको रूपमाआएका हुन्छन् ।त्यस्तै व्यक्ति वा वस्तुलाई सम्झेर हुने डाहा, पीडा, छटपटी आदि उद्दीपन विभाव हुन् भने रुनु, आँशु झार्नु, कराउनु काम्नु, लड्नु आदि अनुभाव हुन् र हृदयमा उत्पन्न हुने चिन्ता, विषद, उन्माद, ग्लानि आदि व्यभिचारी भाव तथा सञ्चारीभाव हुन् । अतः करुण रससँग सम्बद्ध कृतिको अध्ययन गर्दा विभाव, अनुभव तथा व्यभिचारी भावको संयोगबाट नै सहृदय वा मानव मनमा सुषुप्त अवस्थामा रहेको करुण तथा शोक आदि स्याथी भाव उत्पन्न भई रसानुभूति हुन्छ ।रस निष्पत्तिका आधारमा यसको स्थायी भाव शोक हो भने आत्मीय जन, नातागोता, नजिकका आफन्त आलम्बन विभाव हुन् । दाहा कर्मजस्ता घटनालाई उद्दीपन विभावका रूपमा लिइन्छ । विश्वनाथ (सन् १९९७)का अनुसार दैवनिन्दा, भूमि पतन, क्रन्दन, उच्छ्वास, निश्वास, स्तम्भ, पलायन आदि अनुभाव हुन् । निर्वेद, मोह, अपस्मार, व्याधि, ग्लानि, चिन्ता आदि व्यभिचारी भाव हुन् (पृ.२२२-२२५) । संस्कृति साहित्यका विद्वानहरूका समग्र मतहरूले पनि कुनै आफन्त वा प्रिय वस्तुको वियोगबाट उत्पर्न हुने शोक करुण रसको स्थायी भाव हुन्छ ।करुण रसको स्थायी भाव उन्पन्न गराउने वस्तु वा व्यक्ति विभाव हो भने त्यसको अवस्था उद्दीपन विभाव हो । त्यस्तै आफूले दुःख व्यक्त गर्नु अनुभाव हो भने चिन्ता, ग्लानी हुनु, दुःखी हुनु व्यभिचारी भाव हो । यसरी पाठक, श्रोता वा दर्शकको मनमा करुणा स्थायी भाव उन्पन्न हुन्छ ।

**'नासो' कथाको कथानक**

कथाकार गुरुप्रसाद मैनालीको 'नासो' आदर्शोन्मुख सामाजिक यथार्थवादी कथा हो । यो कथा *नासो* कथा सङ्ग्रह (२०२०)मा सङ्ग्रीहित छ । कथाअनुसार देवीरमण र उनकी पत्नी सुभद्राको सन्तान नभएका कारण उनलाई नजिकका व्यक्तिहरूले छोरो नभए स्वर्ग जान नसकिने बताउँदै पुत्र प्राप्तिका लागि दास्रो विवाह गर्नु पर्ने सल्लाह दिन्छन् तर देवीरमण मानेका हुँदैनन् । उनकी आफ्नै पत्नी सुभद्रको जिद्दी र अनुरोधका कारण लक्ष्मीलाई भित्र्याउन राजी हुन्छन् । लक्ष्मीलाई भित्र्याउन पाउँदा सुभद्रा पनि खुसी देखिन्छिन् । तर गाउँघरका र घरमा काम गर्ने व्यक्तिहरूले पनि सौता मुटुको बह भएको कुरा सुभद्राको कानमा पर्दा अलि नमिठो लाग्छ तर लक्ष्मीले घर पस्ने बित्तिकै ढोगेकी हुनाले उनलाई धेरै शङ्का गर्ने ठाउँ हुँदैन ।समय बित्दै जाँदा लक्ष्मीले छोरो पाउँछिन् । छोरोको हेरचाह सबै सुभद्राले गर्छिन् । छोरो सुशीलको बोली फुट्दै जाँदा उसले सुभद्रालाई आमा र आफ्नी आमालाई दुलही भन्ने गर्दछ । यस्तो हुँदा लक्ष्मीको मन कुँडिएर आउँछ । समयको अन्तरालमा गाउँका मानिसहरू तिर्थ गर्न जाने बेलामा देवीरमणसँग लक्ष्मी र छोरो दुबै जान्छन् । यस बेला सुभद्रालाई एक वचन पनि सोधिँदैन । उनलाई नसोधिएको हुनाले उनको मनमा आफू पुत्रवती नभएको हुनाले हेला गर्न लागेको हो भन्ने ठानी एक रात घर छाडेर जान्छिन् । घर छाडेर

उनी पशुपतिमा बस्न थाल्छिन् । उनले घर छाडेको केही दिनपछि घरको बिजोक हुन थाल्छ । घरमा लक्ष्मीलगायत सबै बिरामी पर्छन्, घर सम्हाल्ने मानिस कोही हुँदैन, घरव्यवहार बिग्रन्छ । यो कुरा पशुपतिमा सतबिज छर्न आएकी नौलीले सुभद्रालाई बताए पछि सुभद्राको मन थामिन्न र उनी पुनः घर फर्कन्छिन् । घर पुग्दा लक्ष्मी मर्ने अवस्थामा पुगेकी हुन्छिन् र आफ्नो छोरा सुशीलको हात सुभद्राको हातमा राखेर तपाईंको नासो हो सम्हाल्नु होला भनी परलोकको यात्रा गर्छिन् । यसरी यस कथामा आपसमा मिलेर बस्नुपर्ने आदर्शसहितको यथार्थलाई प्रस्तुत गर्नुको साथै लक्ष्मीसँग विछोड भएको अवस्थाले करुण रसको स्थायी भाव चिन्ता तथा करुणा उन्पन्न गराएको छ ।

## छलफल र विश्लेषण

### करुण रसका आधारमा 'नासो' कथाको विश्लेषण

गुरुप्रसाद मैनालीको 'नासो' कथामा कथानक र पात्रले भोगेको दुःखद भोगाइका आधारमा पूर्वीय साहित्यमा प्रचलित करुण रसका दृष्टिले अध्ययनीय छ । कथाको प्रमुख पात्र देवीरमण, सुभद्रा, कान्छी पत्नी लक्ष्मी र छोरो सुशील आदिमा करुणा देखिएको छ । देवीरमण घरको मुली हुन् । उनले सुभद्रालाई धेरै माया गर्थे । धर्म र कर्तव्यका आधारमा उनी मायाकी भागिदार पनि हुन् । "ज्योतिषीहरू देवीरमणलाई अर्को विवाह गर्न सल्लाह दिन्थे । परन्तु सुभद्राको आदेश विना उनी अर्को विवाह गर्न सक्तैनथे"(पृ.१) । आफूले नचाहेको अवस्थामा पनि धार्मिक परम्पराका कारण सन्तान नभएका कारण उनीहरूले धेरै प्रयत्न गरे तर पुत्र प्राप्ति भएन ।कथामा प्रस्तुत भएअनुसार, " विचरी सुभद्रा पनि खिन्न थिइन् । छिमेकीका आइमाईले छोराछोरी खेलाएको देखेर उनलाई रहर लाग्थ्यो । सन्तानका आशाले सरल नारी स्वभावश धामीझाँक्रीको बूटीजन्तर बाँधिन्, देवीदेवताको भाकल गरिन् । तीर्थ, व्रत, पूजा, पाठ पनि गरिन् । तर दैवले नसुनिदिएपछि कसको के लाग्दो रहेछ र ?" (पृ.१) उनीहरूले आफूले सकेको ठाउँसम्म पुगेर विभिन्न उपाय गरे तर केही लागेन । अन्तमा काजक्रिया विना स्वर्गको ढोका नखोलिने भएकाले पुत्र प्राप्तिका लागि सुभद्राकै अनुरोधमा अर्को विवाह गर्न देवीरमण बाध्य भएका थिए । यस्तो अवस्थामा एकातिर सुभद्राप्रति करुणा जागृत हुन्छ भने आर्को तर्फ देवीरमणप्रति पनि करुणा जाग्दछ । यो अवस्था पात्रमा देखिएको करुणा हो । त्यस्तै "फागुन महिनाको बिहानपखको सिरेटो मुटु छेड्ला भनेजस्तो गर्थ्यो । देवीरण मण्डपमा बसेका थिए । नयाँ दुलही पनि एक आसनमा थिइन् । ब्राह्मणहरू ऋचा पढेर अग्निमा आहुति दिइरहेका थिए" (पृ.१) साक्ष्यमा देवीरमणले विवाह गरेको अवस्था हो । यसमा पात्र देवीरमण विचारको रूपमा प्रस्तुत भएको छ भने अर्कोतिर सुभद्राले सौता बेहोर्नु परेको हुनाले उनीप्रति करुणा जागृत हुनु स्वभाविक हो भने सौता माथि आएकी लक्ष्मीको अवस्था के हुने होला भन्ने विचार पाठकको मनमा उत्पन्न हुने र उनीप्रति करुणा जागृत हुने समेत देखिन्छ ।

देवीरमण आफ्नी श्रीमती सुभद्रालाई आफूले अर्को विवाह गरेर अन्याय गरेको ठान्छन् । उनी आफ्नो चित्त बुझाउनका लागि "छिः ! सुभद्राको आजीवन सेवाको पुरस्कार यही हो ? म के गरुँ, मलाई के दोष ? सन्तान विना स्वर्गको बाटो छेकिन्छ भन्ने हिन्दू धर्म जानोस् । भोगको लालसाले होइन धर्मका आज्ञाले विवाह गरेको हुँ" (पृ.२) भन्दै मनमा कुरा खेलाउँदै चित्त बुझाउँथे । उनी भित्रभित्रै विह्वल पनि हुन्थे तर देखाउन सक्दैनथे । यसबाट पनि एकातिर सुभद्राप्रति करुणा जाग्रित हुन्छ भने अर्कोतर्फ विचारा देवीरमणले सुभद्राका लागि चिन्तित भएका छन् भन्ने भाव उत्पन्न हुन्छ । अझ सुभद्राले नौलीलाई भित्र्याए पनि आफ्नो कर्म गरिरहेकी हुन्छिन् । यस सन्दर्भमा कथाको "एक छिनपछि गृहकृत्य समाप्त गरेर सुभद्रा सुभद्रा कोठामा पसिन्, देवीरमणको गोडा मिच्न लागिन् । यो उनको दैनिक काम थियो । सुभद्रा यसमा कहिल्यै त्रुटि हुन दिन्नथिन्" (पृ.२) साक्ष्य सान्दर्भिक भएको छ । यसबाट पनि पाठकलाई सुभद्रप्रति दयाको भाव जागृत हुन्छ । सुभद्राले आफ्नो मुटुमाथि ढुङ्गा राखेर दुलही भित्र्याएकी थिइन । देवीरमणले घर पस्ने बेलामा के हुने हो भन्ने चिन्तामा हुन्छन् । तर कथामा प्रस्तुत भएअनुसार "छिमेकीसँग कुरा गर्नाको बहानाले उनी केही पछि भए, जाँदा दुलही भित्र्याएसकी सुभद्रा दमाई डोलेहरूलाई ज्याला बाँडन लागेकी रहिछन्" (पृ.२) । यस्तो सहज तवरबाट आफ्नी सौतालाई स्वागत गरेकी छिन् । त्यस्तै उनले एकदिन सौताकै कारणले घर छाड्नु पनि पर्ने हुनसक्छ भनेर नौलीले भन्दा "छाड्नु परे छोडिदिउँला, कुन दौलथको चैन गरेकी छु र ? एक पेट खस्रो मसिनो खाएर, दिनरात बुहर्तन् सहेकी छु । जुठो चूल्हो गरिदिए जसले पनि एक गास खान दिन्छ" ((पृ.३) भनेर उदारता प्रकट गरेकी छिन । यस्तो सुभद्राको विचार र व्यवहार उनले अझै दुःख सहन पनि तयार भएको अवस्थालाई बुझाएको हुँदा उनीप्रति पाठक तथा श्रोताको मनमा दयाको भाव सिर्जना भएको छ ।

'नासो' कथामा अर्कोतर्फ अर्की दुलही लक्ष्मीको माध्यमबाट करुण रसको उत्पत्ति हुन्छ । जेठी श्रीमती हुँदाहुँदै विवाह भएर घरमा प्रवेश भएपछि सुभद्राले स्वागत गरेर माया र स्नेहको उदाहरण प्रस्तुत गरिन तर देवीरमणले उनलाई उपेक्षा गरे । कथाको"थाकेर आएका देवीरमणलाई चाँडै निन्द्रा पऱ्यो" (पृ.३) भन्ने प्रसङ्गले उनलाई प्रारम्भबाटै हेला गर्न लागेको सङ्केत देखिन्छ । त्यस्तै आफूले छोरो जन्माइसकेपछि आफ्नै कोखबाट जन्मेको छोराले पनि दुलही भन्न लागेको छ । यस सन्दर्भमा "सुभद्रालाई 'आमा' भन्थ्यो, आफ्नी आमालाई 'दुलही' भन्थ्यो, किनकि लक्ष्मीलाई घरमा सबैजना 'दुलही बज्यै' भन्थे" (पृ. ४) भन्ने कथाको अंश सान्दर्भिक बनेको छ । यस्तो अवस्थाले लक्ष्मीलाई दुःखित तुल्याएको छ र आफू आमा भएको कुनै सार नभएको देखिएको छ । उनी एक पुरुष तथा एक परिवारको लागि छोरो जन्माउने साधनका रूपमा प्रयोग भएकी छिन् । उनको घरमा सम्मान खस्कदो अवस्थामा छ । उनलाई घरको कुनै जिम्मेवारी छैन । यस्तो देवीरमणले गरेको उपेक्षा, घरमा सम्मानविहिनता, आफ्नै छारोबाट पनि पराइको जस्तो व्यवहार आदिले गर्दा कथामा दुलही (लक्ष्मी) प्रति करुणा जाग्दछ ।

कथाको आस्वादनमा पाठक तथा श्रोतालाई प्रारम्भमा सुभद्राप्रति करुणा जागृत हुन्छ । उनले आफ्नो कुलको रक्षाका लागि आफ्नो श्रीमान्लाई अर्को विवाह गर्न समेत स्वीकृति दिन्छिन् । त्यतिमात्र होइन खुसी भएर नै आफ्नी सौतालाई घरमा स्वागत गरेर आफ्नो कोठा पनि लक्ष्मीलाई सुम्पिन्छिन् । लक्ष्मीले छोरो जन्माएपछि छोराको हेरचाह, लालनपालन सबै उनले नै गर्छिन् । यस सन्दर्भमा कथाको"सुशील मुख बाउँदै छौडेर आउँथ्यो । सुभद्रा गास मुखमा हालिदिन्थिन, बालक फेरि दौडेर परेवातिर जान्थ्यो...सुभद्राको 'को खाई' को आवाज सुनेर सुशील बीचबीचमा एकदुई गास भात पनि खाएर जान्थ्यो" (पृ. ४) भन्ने अंशले सुभद्रा आफ्नो कोखबाट सन्तान नभएर आफ्नी सौताको सन्तानलाई लालनपालन गरेर सन्तुष्ट भएकी मातृत्वले भरिएकी नारीको रूपमा उपस्थित छिन् ।उनको जिम्मेवारी पूर्ण व्यवहारले नै उनीप्रति करुणा सिर्जना हुने कारण भएको छ ।

कथाकार गुरुप्रसाद मैनालीको यो 'नासो' कथामा कथाको प्रारम्भमा नै देवीरमण र सुभद्राको सन्तान हुन नसकेको घटनाक्रमले करुण अवस्थाको प्रस्तुति भएको प्रस्ट हुन्छ । कथामा तीर्थ जान लागेको र लक्ष्मीले जिद्दी गरिसकेपछि देवीरमणले उनी र छोरालाई पनि लिएर गएको घटना क्रममा आइपुग्दा पनि मात्रात्मक रूपमा सुभद्राप्रति नै पाठक तथा श्रोताको मनमा करुण उत्पन्न हुन्छ । सुभद्राको उमेर खस्कदो थियो, उनी उमेरले लक्ष्मी भन्दा धेरै जेठी थिइन । देवीरमणले उनलाई पनि तिर्थ लगे हुने थियो तर सुभद्रालाई एक शब्द पनि सोधिएन । लक्ष्मीको त अर्को पटक जान पनि सक्थिन् तर सुभद्रालाई नसोध्दा उनलाई उपेक्षा गरिएको जस्तै मनमा परेको छ । यस सन्दर्भलाई कथामा निम्न प्रस्तुत गरिएको छ :

> गाउँका धेरै आइमाईहरू जान लागेको देखी लक्ष्मी पनि जान्छु भनेर जिद्दी गर्न लागिन् । सुशीलचाहिँ देवीरमणको दौराको फेर समातेर रुन लाग्यो । यो बलिष्ठ बालहठलाई देवीरमणले उपेक्षा गर्न सकेनन् । आखिर लक्ष्मी र सुशिललाई पनि साथमा लिए । एक क्षणपछि त्यो तीर्थयात्रीहरूको समूह, रानूको पछि महुरी झैँ, देवीरमणको पछि लाग्यो । किन्तु सुभद्रालाई 'जान्छयौ कि ?' भनेर कसैले एक वचन पनि सोधेन। (पृ.४-५)

वास्तवमा मानिसले आफू कसरी विचार गर्छ र कसका लागि बाँचिरहेको छ भन्ने दुई तर्कका बीचमा सुभद्रालाई प्रस्तुत गर्दा उनी आफू सन्तान जन्माउन असक्षम भएपछि एक्लो र अरुले हेला गरेका हुन कि भन्ने विचारबाट ग्रसित छिन् भने अर्को तर्फ उनी आफ्नो घरपरिवारका लागि बाँचिरहेको अवस्थामा र कुनै स्वार्थ नभएको ठानिरहेको अवस्थामा उनलाई तिर्थ नलगी कान्छीलाई लिएर जाँदा आफूलाई अन्याय भएको ठान्नु र पाठकले पनि यहाँ देवीरमणले भूल गरेका हुन भन्ने ठान्ने हुनु स्वभाविक नै हो ।यसै कारणबाट पनि सुभद्राप्रति करुणा स्वतः जागृत भएको छ । जब तिर्थबाट फर्केर देवीरमण र लक्ष्मी आइपुगे त्यसपछि पारिवारिक कलहको अवस्था कथामा देखिन्छ । यतिबेला भने विचरा देवीरमण भन्ने भाव पाठकमा सिर्जना हुन पुग्दछ । यस सन्दर्भमा कथाको निम्न साक्ष्य सान्दर्भिक हुन्छ :

> तीर्थबाट फर्केदेखि दुवैमा बहुधा झगडा हुन लाग्यो । सुभद्राले कुनै प्रश्न गर्दा लक्ष्मी छेड हानेर उत्तर दिन्थिन् । बस् कुरै कुरामा हानथापबाट ठूलो कलह खडा हुन्थ्यो । देवीरमण चुप भएर सुनिरहन्थे । लक्ष्मीलाई ताडना गरून् भने पुत्रवती पत्नी, सुभद्रालाई ताडना गरून् भने धर्म तथा विवेकको हत्या। (पृ. ५)

देवीरमणको यो अवस्था 'दुई नारीको पोइ कुना बसी रोई' भन्ने नेपाली उखानसँग मेल खाएको छ । उनले दुबैजनालाई केही भन्न सकेका छैनन् । यो उनको विवशताले गर्दा एकातिर देवीरमणसँग पाठकको आक्रोश हुन्छ भने अर्कोतर्फ विचारा सन्तानका लागि विवाह गरे तर घरको कलहले गर्दा पीडित भए भन्ने लागेर करुणा पनि जाग्दछ तर तुलनात्मक रूपमा पाठकको आक्रोश भन्दा करुणाको भावले यसमा स्थान पाएको छ । त्यस्तै सुभद्राले घर छाडेर गएपछि देवीरमणलाई घर चलाउने अफठ्योरो परेको छ । उसले र लक्ष्मीले घर सम्हाल्न सकेका छैनन् । अहिलेसम्म व्यवहार नचलाएको मानिस भएका कारण घर व्यवहारमा पनि दक्षता छैन । यो कुरा नौली सतबिज छर्न पशुपतिमा आउँदा घरको हालखबर सोध्दा उनले "बस्तुभाउका हाडछाला मात्र छन्, खेतबारी अधियाँमा दिएको छ । असामीपात्र एक पैसा उठ्दैन, नोकरचाकर चार दिन टिक्दैनन्, सबै भताभुङ्ग छ" (पृ. ७) भनेर
सुभद्रालाई घरको हालखबर सुनाउँदाबाट जानकारी भएको छ । यसबाट पनि घरबार सबै बिग्रेको, घर चलाउन नसकेकोमा देवीरमणप्रति करुणा भाव जागृत भएको छ तथापि देवीरमणप्रतिको करुणभावलाई कथामा तुलनात्मक रूपमा सुभद्रा र लक्ष्मीको भन्दा कम महत्त्वका साथ हेरिन्छ । यस सन्दर्भमा कथाको निम्न साक्ष्य हेरौँ :

> सुभद्राले काखीमुनि एउटा सानो पोको च्यापेकी थिइन् । यस्तो अन्धकार रात्रीमा पनि कसैले देख्छ कि भनेर ओढ्नेले छोपेकी थिइन् । यस बखत उनको जीवनधार त्यही पोको हुन आयो । अहो ! कुनै बखत यो विशाल आशातल कसरी एउटा सानो ठाउँमा सीमित भएर बस्छ ! (पृ. ६)

सुभद्रालाई घर छाडेर जानुपर्ने अवस्था निन्तिनुमा उनीमा देखिएको स्वअस्तित्वबोध पनि हो । उनले आफ्नो घरमा आफूलाई कसैले वास्ता नगर्ने कारण आफ्नै सन्तान नहुनु हो भन्ने ठानेकी छिन् । आफूले सन्तान दिन नसकेपछि र लक्ष्मीबाट सन्तान भएपछि उनी एकपछि अर्को परिस्थितिले निम्त्याएको हेलाको पात्रका रूपमा देखिएकी छिन् । त्यसैले उनी आफूले आफ्नो जीवनलाई एक्लै र स्वतन्त्र भएर बाँच्ने निधो गरेर घर छाडेकी हुन्छिन् । यतिवेला पनि विचरी सुभद्रा त्यत्रो घर, खेतीपाती र सुविधा भएपनि घर छाड्न बाध्य भएकी छिन् भन्ने भावना जागृत भई उनीप्रति करुणा भाव जाग्दछ । त्यस्तै नौलीले सुभद्राको अवस्था देवीरमणलाई बताइसकेपछि देवीरमणले "यत्रो सम्पत्तिकी मालिक्नी भईकन सुभद्रा नेपालमा एक छाक खाएर बसेकी छ । उसमा पनि दुब्ली, मैलो लुगा लगाएकी, मायालाग्दी" (पृ. ९) भनेको सन्दर्भले पनिउनी प्रतिको माया, करुणा तथा स्नेह देखिएको छ । उनी घरबाट निस्कदा खर्चबर्च नलिएर आधारातमा हिडेकी सुभद्रा धेरै दिनसम्म के खाएर गुजारा गर्ने होलिन् ? भन्ने विचार पनि कथाको आस्वादनमा पाठकमा उब्जन्छ र यसबाट पनि उनीप्रतिको दृष्टिकोण करुणामय बन्दछ ।

'नासो' कथामा करुण रस सिर्जना गर्ने अर्को महत्त्वपूर्ण घटना भनेको कथाको अन्तिम भाग हो । कथामा पशुपतिमा जीवन निर्वाह गरेर बसेकी सुभद्रासँग भेट हुँदा घरको अवस्था बताउँदा लक्ष्मी बिरामी भएको जानकारी हुन्छ । नौलीले लक्ष्मीको अवस्था बताउँदै "गोरखा मुलका डाग्डर सुबिदारलाई देखाउँदा 'थाइसी' भने कि 'खाक्सी' भने अहिले सम्झन सकिनँ, साह्रै नराम्रो रोग हो अरे, सुकेर हाडछाला मात्र छ । बोकेर बाहिरभित्र गराउनुपर्छ" (पृ. ७) भनेपछि र घरको अवस्था सुनाएपछि सुभद्रालाई एकातर्फ घरप्रति चिन्तित हुन्छिन् भने अर्कोतर्फ लक्ष्मीलाई पनि कारुणिक दृष्टिले हेर्छिन् । त्यसपछि आफूले घर छाडेर उचित नगरेको निष्कर्ष निकाली आफ्नो घर पुनः फर्किएकी छिन् । घरमा पुग्दा लक्ष्मीको अवस्था साह्रै नाजुक थियो र घरका सबैले बिरामी भएकी लक्ष्मीलाई अन्तिम अवस्था हो भन्ने ठानिरहेका थिए । यसबाट पनि लक्ष्मीप्रति करुणा सिर्जना भएको छ । यस सन्दर्भमा कथाको निम्न साक्ष्य सान्दर्भिक भएको छ :

> मैलो बिछ्यौनामा सुतेकी लक्ष्मी जीवनको शेष घडी गनिरहेकी थिइन् । देवीरमण रोगीका सिरानीमा बसेर बखतबखत चम्चाले पनि ख्वाउँथे । बालक- पुत्र सुशील आमानेर बसेर यो चिर मृतवियोग हेरिरहेको थियो । लक्ष्मी कहिलेकाहीँ सुशीलको मुखपट्टि हेरेर बर्र आँसु झार्थिन् ।
> (पृ. ८)

कथामा एकातिर घरको स्याहार संहार हुन नसकेको कारण घरमा फोहरमैला बढेको देखिएको छ भने अर्कोतर्फ देवीरमणले पनि आफ्नी श्रीमतीको अन्तिम घडी हो भन्ने ठानेर चम्चाले पनि खुवाइरहेको छ । त्यस्तै छोरो सुशील

पनि आमासँगै बसेर दुखी बनोको छ भने लक्ष्मीले आफ्नो छोराको भविष्य के होला भन्ने विचार समेत गरेर सुशीलको मुखमा हेरेर आँसु खसाइरहेकी छिन् । यस्तो अवस्थामा लक्ष्मी बिरमी हुनु करुण रस सिर्जना गर्नका लागि प्रयोग भएको आलम्बन विभाव हो भने बिरामी भएर बिस्तारामा सुतेको हुनु साथै चम्चाले पानी खुवाउनु अनुभव हो भने आँखा रसाउनु, विस्मय जागृत हुनु व्यभिचारी भाव हुन् । त्यस्तै बिरामी परेर मर्ने अवस्थामा देखेर उत्पन्न भएको शोक स्थायी भाव हो ।

कथामा लक्ष्मी जीवन पूर्ण भोग गर्न नपाई मृत्युवरण गर्नु परेको छ । उनले आफूले जन्माएको छोरालाई सौता तथा दिदीको नासोका रूपमा लिएकी छिन् र जीवनको अन्तिम अवस्थामा नासो बुझाउनका लागि कुरेर बसेको बताएकी छिन् । यस सन्दर्भमा कथामा “दिदी, तपाईँको नासो ! भेनर लक्ष्मीले सुशीलको हात सुभद्राको काखमा राखिदिइन् । छोरालाई काखमा लिएर सुभद्रा रुन लागिन् । यी सबै सुभद्राका निमित्त जिन्दगीभर सम्झँदै रुँदै गर्नु खुड्काहरू थिए” (पृ. ९) भन्ने कथन उल्लेखनीय छ । यसबाट पनि लक्ष्मी आफूले नासो बुझाउनु नसक्ने हो कि भन्ने ठानेर दुःखी भएको र उनले नासो बुझाउनु पर्ने कर्तव्य ठानेकी छिन् । जीवनको अन्तिम अवस्थामा उनमा देखिएको सहृदयता र त्याग गर्न तयार भएको अवस्था तथा छोरालाई सुम्पेर मृत्युवरण गरेको दुःखद घटना प्रस्तुत छ । यहाँ बिरामी लक्ष्मी र छारो आलम्बन विभाव हुन् भने मृत्युवरणको अवस्थामा पुग्ने परिस्थिति उद्दीपन विभाव हो । बाट अधिक करुण रस अभिव्यक्त भएको छ । सुभद्रा सुशीलको हात सुभद्राको काखमा राखिदिनु र सुभद्रा रुन थाल्नु अनुभाव हो साथै चिन्तित हुनु व्यभिचारी भाव हो । त्यसै गरी लक्ष्मीको मृत्युवरणपछि उन्पन्न शोक स्थायी भाव हो । यसरी कथामा लक्ष्मीको मृत्युवरणबाट अत्यन्त करुणा उत्पन्न भएको छ । यहाँ आफ्नो प्रिय आत्मजनको मृत्युबाट करुण रसको अविर्भाव भएको छ । देवीरमणकी कान्छी श्रीमती लक्ष्मीको वियोगबाट उत्पन्न शोक यहाँको स्थायी भाव हो । यसरी पाठक वा श्रोताको हृदयमा करुणा उत्पन्न गराउने भावको प्रस्तुतिले करुण रस अभिव्यक्त भएको छ ।

## निष्कर्ष

रसको सैद्धान्तिक मान्यताअनुसार साहित्यमा रस काव्यानन्द हो । काव्यमा वर्णन गरिएको विभावादीको संयोगबाट मानव हृदयमा स्थायी भाव जागृत हुने गर्दछ । संस्कृति साहित्यशास्त्रमा आचार्य भरतमुनिले प्रतिपादन गरेको रसवाद पूर्वीय साहित्य जगत्को जेठो र महत्त्वपूर्ण समालोचना सिद्धान्त हो । यसै रस सिद्धान्तअन्तर्गत नौ ओटा रसमध्ये करुण रस पनि एक हो । गुरुप्रसाद मैनालीको ‘नासो’ कथालाई रस सिद्धान्तका दृष्टिले अध्ययन गर्दा यसमा करुणको भाव अधिक रहेको देखिन्छ । कथामा देवीरमणले पाएको दुःख, पीडा साथै सुभद्राले घर छाड्न बाध्य भएर उनले पाएको सम्मानहिनता र पीडाले पनि उनीहरूप्रति करुण भाव उत्पन्न भएको छ तथापि लक्ष्मी बिरामी परेर मृत्यु भएको दुःखद घटना मूलः करुणा बन्न पुगेको छ । मैनालीको यो ‘नासो’ कथामा न हास्य रस छ, न वीर, न त श्रृङ्गार यसमा त सामाजिक यथार्थको परिधिमा दुःख, पीडाका कुराहरू समावेश गरिएको हुनाले करुण रसकै प्रयोग भएको देखिन्छ । समग्रमा यस कथामा देवीरमण, जेठी श्रीमती सुभद्रा, छोरो सुशील र कान्छी पत्नी लक्ष्मी आलम्बन विभाव हुन् । उनीहरूको जीवनमा देखापरेको दुःख, कष्ट र त्यसका कारणहरूउद्दीपनविभाव हुन् । देवीरमण, सुभद्रा र लक्ष्मीमा आइपरेको कष्टका कारणबाट उब्जेको प्रतिक्रिया अनुभाव हुन् । त्यस कष्ट र दुःखबाट उत्पन्न भय, पीडा, चिन्ता आदि सञ्चरी भाव तथा व्यभिचारी भाव हुन् भने शोक स्थायी भाव हो । यी विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट नै ‘नासो’ कथामा करुण रसको सशक्त प्रस्तुति भएको छ । कथामा देवीरमणको छोरो नहुँदा, समाजमा उसको कुरा हुँदा, दुई सौताले झगडा गर्दा केही बोल्न नसकेको अवस्थामा, घर चलाउन नसकी लथालिङ्ग भएको परिस्थितिमा देवीरमणप्रति करुणा जागृत हुन्छ भने अर्की श्रीमती भित्र्याए पनि लक्ष्मीलाई स्वागत गर्दा, कोठा छोडेर अर्को कोठामा जाँदा, तिर्थ गर्न सुभद्रालाई नलैजाँदा, घरमा अपहेलित हुँदा, घर छाडेर पशुपतिमा दुःख पाएर बस्दा सुभद्राप्रति करुण भाव जागृत हुन्छ भने मूलतः लक्ष्मीको आफ्नो छोरोले आफूलाई आमा नभनी दुलही भन्दा, छोरो जन्माउने साधनको रूपमा मात्र परिवारले हेर्दा, बिरामी परेर ओछ्यानमा परी अन्तमा मृत्यु हुँदा भने लक्ष्मीप्रति अधिक करुणा उत्पन्न हुन्छ । अतः ‘नासो’ कथामा लक्ष्मीको मृत्युको कारण नै मूलतः श्रोता वा पाठकको हृदयमा करुण रसको स्थायी भाव शोक उत्पन्न हुने कारक बनेको छ ।

## सन्दर्भसमग्रीहरू

मैनाली, गुरुप्रसाद (२०२०). *नासो.* ताना सर्मा (सम्पा.).सामुदायिक प्रिन्टर्स प्रा.लि.।
शर्मा, मोहनराज (२०६३). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग.*अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।
शर्मा, शोमनाथ (२०५८). *साहित्य प्रदिप.*विद्यार्थी पुस्तक भण्डार ।
उपाध्याय, केशवराज (२०५९). *साहित्य प्रकाश.*साझा प्रकाशन ।
गौतम, देवीप्रसाद (२०५५). रस.ईश्वर बराल र अन्य (सम्पा.), *नेपाली साहित्यकोश.*नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.*विद्यार्थी पुस्तक भण्डार ।
विश्वनाथ (सन् १९९७). *साहित्यदर्पण.* डा सत्यव्रत सिंह (व्याख्या).चौखम्बा विद्याभवन ।
श्रेष्ठ, दयाराम (सम्पा.). (२०५७). *नेपाली कथा भाग ४.*साझा प्रकाशन ।

***